## योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्बन्धित दफाहरु संशोधनार्थ प्रस्तुत मस्यौदामा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको  धारणा

| | क) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | दफा | **विद्यमान** व्यवस्था | प्रस्तावित व्यवस्था | JTUCC को प्रस्ताव | कारण |
| १ | | | | | |
| २ | २ च | "योगदान" भन्नाले सामाजिक सुरक्षा योजना अन्तरगतको सुविधा प्राप्त गर्न श्रमिक र रोजगारदाताले नियमित रुपमा कोषमा जम्मा गरेको वा गर्नुपर्ने रमकलाई सम्झनुपर्छ र सो शब्दले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका ब्यक्तिले सामाजिक सुरक्षा योजनामा सहभागि हुनका लागि जम्मा गरेको रकमलाई समेत जनाउँछ । | | र संघिय सरकार, प्रदेश सरकार र स्थानिय तहले अनौपचारिक तथा स्वरोजगार व्यक्तिको जम्मा गरेको रकम गर्ने | अनौपचारिक तथा स्वरोजगार व्यक्तिको लागि सरकारको योगदान सुनिश्चित गर्न |
| ३ | २ झ | रोजगारदाता भन्नाले श्रमिकलाई काममा लगाउने ब्यक्ति वा प्रतिष्ठान सम्झनु पर्छ र सो सब्दले देहायको व्यक्तिलाई जनाउछ ।<br>(१) प्रतिष्ठानको हकमा ब्यवस्थापन<br>(२) कुनै श्रमिकले अर्को श्रमिकलाइृ काममा लगाएमा काममा लगाउने श्रमिक<br>(३) आपुर्ति गरिएको श्रमिकको हकमा श्रमिक आपुर्तिकर्ता र,<br>४. सरकारी सेवामा वहाल रहेको ब्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने ब्यक्तिको हकमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह | | (५ थप गर्ने) कुनै रोजगारदाता वा रोजगारदाता संस्था मार्फत काम लिई श्रमिकलाई काममा लगाउने ब्यक्ति वा संस्था । | ठेकेदार, पेटी ठेकेदार मार्फत कामगर्ने श्रमिकहरुलाई समेटन |
| ४ | २ ट | "सरकारी" सेवा भन्नाले संघीय निजामती, नेपाली सेना, संघीय प्रहरी सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान बिभाग, प्रदेश निजामती, प्रदेश प्रहरी सेवा वा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसंग सम्वन्धित अन्य सेवा सक्झनु पर्छ । | | "सरकारी" सेवा भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह रोजगारदता हुने, संघीय निजामती, नेपाली सेना, संघीय प्रहरी सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान बिभाग, प्रदेश निजामती, प्रदेश प्रहरी सेवा वा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको नेपाल | सरकारी क्षेत्र सबैलाई समेट्नको लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सरकार, प्रदेश सरकार वा स्थानीय तहसंग सम्वन्धित अन्य सेवा सक्नु पर्छ । | |
| ५ | | | | | |
| ६ | २ध | नयाँ | निवृत्तभरण प्राप्त गर्ने उमेर भन्नाले ६० बर्ष उमेर पूरा भएको सम्झनु पर्नेछ । | निवृत्तभरण प्राप्त गर्ने उमेर भन्नाले ६० वर्षको उमेर पुरा भएको सम्झनु पर्नेछ, कुनै कामको प्रकृतीको आधारमा ६० वर्ष भन्दा बढी उमेरमा अवकास हुने भएमा सोही अनुसार हुनेछ । | **निवृत्तभरणको उमेर फरक फरक ठाउँमा फरक फरक भएको र अवकास प्राप्त भएपछि निजले निवृत्तभरण प्राप्त गर्ने व्यवस्थाको लागि** |
| ७ | ४(४) | योगदानयोग्य आय भुक्तान गर्नु पर्ने महिना समाप्त भएको पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको योगदान कोषमा दाखिला हुने गरी जम्मा गर्नु पर्नेछ । | योगदानयोग्य आय भुक्तान गर्नु पर्ने महिना समाप्त भएको २५ गते भित्रउपदफा (१) बमोजिमको योगदान कोषमा दाखिला हुने गरी जम्मा गर्नु पर्नेछ । | **सकारात्मक रहेको तर, मासिक पारिश्रमिक प्राप्त गरेको अर्को महिनाको मसान्त भित्र गर्दा उपर्युक्त हुने** | थप व्यवहारिक बनाउन |
| ८ | ५.३ | **कोषले अनौपचारिक क्षेत्रको श्रमिक तथा स्वरोजगारमा रहेका ब्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउने प्रयोजनका लागि सहकारी संस्था वा संघ, सामुदायिक वा अन्य ब्यवसायीक संघ संस्थाहरु संग सहकार्य गर्ने छ ।** | | **स्थानिय तह ने.रा.बै. बाट सिमित वित्तिय कारोबार गर्न स्वीकृत प्राप्त संस्था थप्ने** | **दायरालाई थप फराकिलो बनाई सहज सेवा उपलब्ध गराउन** |
| ९ | ८(१) | कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था श्रृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नु पर्ने योगदान सम्बन्धित सूचिकृत रोजगारदाताले कोषमा जम्मा गरिदिनु पर्नेछ । | कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था श्रृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नु पर्ने योगदान जम्मा गर्न नसक्ने भएमा त्यस्तो श्रमिकको कम्तिमा तीन महिनासम्म निजले जम्मा गर्नु पर्ने योगदान सम्बन्धित सूचिकृत रोजगारदाताले कोषमा जम्मा गरिदिनु पर्नेछ । | **सकारात्मक संसोधन** | |
| १० | दफा ९ | **९) योगदान रकम असुली:** | **९) रकम असुली:** | सकारात्मक रहेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (१) | (१) सूचीकृत रोजगारदाताले दफा ४ मा उल्लिखित अवधिभित्र योगदान बापतको रकम कोषमा जम्मा नगरेमा योगदान रकमको दश प्रतिशत व्याजसहित योगदान रकम सम्बन्धित रोजगारदाताबाट असूल उपर गर्नेछ । | (१) रोजगारदाताले दफा ४ मा उल्लिखित अवधिभित्र योगदान बापतको रकम कोषमा जम्मा नगरेमा वा दफा १७ बमोजिमको आदेशमा उल्लेखित अवधिभित्र रकम भुक्तानी नगरेमा भुक्तानी गर्नु पर्ने रकमको दश प्रतिशत व्याजसहितको रकम सम्बन्धित रोजगारदाताबाट असूल उपर गर्नेछ । | | |
| ११ | ९(१क) | नयाँ थप | उपदफा (१) बमोजिम असुल गरेको व्याज रकम दफा १२ को उपदफा (१) अनुसारका सम्बन्धित स्किमका खाताहरुमा जम्मा गरिनेछ । | सकारात्मक रहेको, | |
| १२ | ९(४) | यस ऐन बमोजिम योगदान रकम नबुझाउने सूचीकृत रोजगारदातालाई त्यस्तो योगदान रकम नबुझाएसम्म देहायको कुनै वा सबै कारबाही गर्न कार्यकारी निर्देशकले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।<br>......................<br>......... | यस ऐन बमोजिम कोषमा सूचिकरण नगर्ने नगराउने वा योगदान रकम नबुझाउने रोजगारदातालाई देहायका कुनै वा सबै कारबाही गर्न कार्यकारी निर्देशकले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।<br>..............<br>................ | **योगदान रकम असुलीको दफामा सुचिकरणको विषयमा राख्न सान्दर्भिक नहुने भएकाले सुचिकरणको दफामा राख्ने** | **मिलाईएको** |
| १३ | १० (४) | .........तोकिए बमोजिमको सामाजिक सुरक्षा योजनामा समावेश गरिन्छ। | | **तर औषधि उपचार र विमा लगायतका हकमा अनुपात लागु हुने छैन।** | **अनुपात कायम राख्दा हालको व्यवस्था लागु हुन नसक्ने भएकोले** |
| १४ | १४(२) | .......... कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्तिलाई र निजले कसैलाई इच्छाएको नभएमा निजको आश्रित परिवारलाई त्यस्तो सुविधा भुक्तानी गर्नु पर्नेछ । | .......... कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्ति वा संस्था वा निकायलाई र निजले कसैलाई इच्छाएको नभएमा निजको आश्रित | **सकारात्मक रहेको** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परिवारलाई त्यस्तो सुविधा भुक्तानी गर्नु पर्नेछ । | | |
| १५ | १७(१) | ..............रोजगार सम्बन्ध कायम भएको श्रमिकलाइ कोषमा सूचीकरण नगरेमा कोषले त्यस्तो रोजगारदातालाई देहाय बमोजिम आदेश दिन सक्नेछ । | ..............रोजगार सम्बन्ध कायम भएको श्रमिकलाइ कोषमा सूचीकरण नगरेमा वा योगदानकर्ताको योगदान रकम दफा ४ को उपदफा ४ मा निर्धारित समय भित्र जम्मा नगरेमा कार्यकारी निर्देशकले त्यस्तो रोजगारदातालाई देहाय बमोजिम आदेश दिन सक्नेछ । | **संशोधन आवश्यक नभएको** | **समितिबाट अख्तियारीको गलत प्रयोग भएमा नियन्त्रण कायम राख्न** |
| १६ | १७(१) (ग) | ....रोजगार सम्बन्ध कायम रहेको अवधिको श्रमिकले यस ऐन बमोजिम पाउनु पर्ने सुविधा बराबरको रकम तोकिएको अवधिभित्र सम्बन्धित श्रमिकलाई उपलब्ध गराउन । | ....रोजगार सम्बन्ध कायम रहेको अवधिको वा दफा ४ को उपदफा ४ मा निर्धारित समय भित्र जम्मा नगरेको कारणले श्रमिकले यस ऐन बमोजिम पाउनु पर्ने सुविधा बराबरको रकम तोकिएको अवधिभित्र सम्बन्धित श्रमिकलाई उपलब्ध गराउन । | **श्रमिक सुचिकृत भई योगदान सुरु गरी सकेपछि रोजगारदाताले योगदान नियमित नगरेको कारण श्रमिकले वा आश्रित परिवारले यस ऐन बमोजिम पाउनु पर्ने सुविधा नपाउने अवस्था आएमा कोषले श्रमिकलाई भुक्तानी दिई उक्त रकम रोजगारदाताबाट अशुल उपर गर्न सक्ने छ भन्ने व्यवस्था गर्नु उवयुक्त हुने ।** | उच्च अदालतबाट भएका निर्णयहरुको नजिर समेत भएकोले । |
| | | | | | |
| १७ | २०, ७ | **नयाँ थप** | यस ऐन बमोजिम कोषमा सूचिकरण नगर्ने नगराउने रोजगारदातालाई **दफा ९, ४ अनुसार** कुनै वा सबै कारबाही गर्न कार्यकारी निर्देशकले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ । .............. | **दफा ९, ४ को संशोधनलाई मिलाइएको** | **मिलाईएको** |
| १८ | २१ | सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण | सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक | **सकारात्मक रहेको** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्वन्धि व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ । | पाउने व्यक्तिको सूचीकरण सम्वन्धि व्यवस्था नेपाल सरकार वा सम्वन्धित प्रदेश वा स्थानिय तहले तोके बमोजिम हुनेछ । | | |
| **१९** | २६ | | | **दफा २६ (२) को ख ग हटाउने** | **दफा २६ (२) को ख ग को विषय क ले नै समेटने भएकोले राख्नु पर्ने देखिदैन ।** |
| **२०** | २६ (२.)(घ) | बोनस सम्बन्धी प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम, | बोनस सम्बन्धी प्रचलित कानून बमोजिम राष्ट्रिय स्तरको कल्याणकारी कोष वा सामाजिक सुरक्षा कोषमा जम्मा भएको र जम्मा हुन आउने रकम, | **सकारात्मक रहेको तर १. घ नभई २ घ हनुपर्ने** | |
| **२१** | २६ (२ क) | नयाँ थप | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कोषले उपदफा २ बमोजिमको रकमवाट कोषको पूर्वधार विकास, कर्मचारीको पारिश्रमिक र सुविधा भुक्तानी तथा प्रशासनिक खर्च लगायत अन्य आवश्यक खर्च व्यवस्थापन गर्न सक्नेछ ।<br>तर कोषमा योगदान गर्ने योगदानकर्ताको योगदान र सो मा प्राप्त प्रतिफल वापतको रकम बाट कोषको प्रशासनिक खर्च गर्न मिल्ने छैन । | **२६ को २ क नगरी उपदफा ६ पछि ७ उपदफा कायम गर्न उपयुक्त हुने । तर पछिको सशोधान गरि कोषमा योगदान गर्ने योगदान कर्ताको योगदान र सो मा प्राप्त प्रतिफल उपदफा २ को घ र ङ बापतको रकमबाट कोषको प्रशासनिक खर्च गर्न मिल्ने छैन ।** | **कोषको व्यवस्थापकियय खर्च र पुर्वाधारको लागि नेपाल सरकारले अनुदान उपलब्ध गराउनुपर्ने भएकोले** |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २६ (५) | ……… प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त "क" वर्गको बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ । | ……… प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ । | **संशोधन गर्न उपयुक्त नहुने** | **श्रमिकको रगत पसिनाको पैसा भएको र सामाजिक सुरक्षाको रकममा प्रतिफल भन्दा पनि सुरक्षा महत्वपुर्ण भएकोले** |
| २३ | २६(६) | उपदफा ५ बमोजिमको खाता सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ । | उपदफा ५ बमोजिमको खाता सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुख वा लेखा अधिकृतको संयुक्त दस्तखतवाट हुनेछ । | **सकारात्मक रहेको** | |
| २४ | ३० (१) | **समितिको बैठक कम्तिमा ६ महिनाको १ पटक बस्नेछ र आवश्यकता अनुसार जतिसुकै पटक पनि बस्न सक्नेछ ।** | | **समितिको बैठक २ महिना भन्दा फरक नहुने गरि कम्तिमा वर्षको ६ पटक बस्नेछ र आवश्यकता अनुसार जतिसुकै पटक पनि बस्न सक्ने छ ।** | **बैठकको निरन्तरताको लागि** |
| २५ | ३० (६) | **समितिको बैठकको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । तर (कोषमा रोगजारदाताको तर्फबाट २० प्रतिशत र श्रमिकको तर्फबाट ११ प्रतिशत भन्दा बढि हुनेगरी योगदान योग्य आएको योगदान दर निर्धारण गर्नुपर्ने भएमा) सो निर्णय गर्दा दफा २९ को उपदफा १ को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरु उपस्थित भएको बैठकको निर्णयबाट गर्नु पर्नेछ ।** | | **तर पछि कोषमा रोगजारदाताको तर्फबाट २० प्रतिशत र श्रमिकको तर्फबाट ११ प्रतिशत भन्दा बढि हुनेगरी योगदानयोग्य आएको योगदान दर निर्धारण गर्नुपर्ने भएमा सम्मको वाक्याशं हटाउने** | **त्रिपक्षिय संरचना भएकोले सबै निर्णय प्रकृयामा तिनवटै पक्षको उपस्थिति जरुरी हुने भएकोले** |
| २६ | ३२(१) | नेपाल सरकारबाट स्वीकृत लगानी सम्बन्धी कार्यविधिको अधीनमा रही समितिले कोषको मौज्दात र सम्पत्तिको परिचालन देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा गर्न सक्नेछ :- | मन्त्रालयबाट स्वीकृत लगानी सम्बन्धी कार्यविधिको अधीनमा रही समितिले कोषको मौज्दात र सम्पत्तिको परिचालन देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा गर्न सक्नेछ :- | **लगानी सम्बन्धि कार्यविधि निर्माण र संशोधनको विषय नेपाल सरकारबाट नै गर्न उपयुक्त हुने ।** | **किनकी कार्यविधि मार्फत लगानी सम्बन्धि व्यवस्थालाई मेनुपुलेट हुन सक्ने र अर्थ मन्त्रालय लगायतको पनि सरोकार रहने भएकोले** |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | ३२(१) (ख) | प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम वित्तीय कारोवार गर्न इजाजतप्राप्त "क' बर्गको बैंक वा वित्तीय संस्थाको मुद्दती खाता वा दीर्घकालीन प्रकृतिका निक्षेप योजनाहरुमा लगानी गर्ने । | प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम नेपाल राष्ट्र बैकवाट वित्तीय कारोवार गर्न इजाजतप्राप्त बैंक वा वित्तीय संस्थाको मुद्दती खाता वा दीर्घकालीन प्रकृतिका निक्षेप योजनाहरुमा लगानी गर्ने । | **संसोधन गर्न नहुने** | **कार्यविधि मार्फत लगानी सम्बन्धि व्यवस्थालाई मेनुपुलेट हुन सक्ने भएकोले मात्र** |
| २८ | ३२(२) | उपदफा(१) को खण्ड (ग) बमोजिम शेयरमा लगानी गर्दा सो बैंक वा वित्तीय संस्थाको निष्काशित पूँजीको पन्ध्र प्रतिशतले नबढ्ने गरी र खण्ड (ङ) बमोजिम डिवेञ्चरमा लगानी गर्दा त्यस्तो कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको कुल डिवेञ्चरको दश प्रतिशतमा नबढ्ने गरी गर्नुपर्नेछ । | हटाउने | **हटाउन नहुने** | **कार्यविधि मार्फत लगानी सम्बन्धि व्यवस्थालाई मेनुपुलेट हुन सक्ने भएकोले मात्र** |
| २९ | ३२(३) | उपदफा (१) बमोजिम कोषको रकम कुनै क्षेत्रमा लगानी गर्दा लगानी कोषमा रहेको रकमको बीस प्रतिशतभन्दा नबढ्ने गरी लगानी गर्नु पर्नेछ । | उपदफा (१) बमोजिम कोषको रकम कुनै क्षेत्रमा लगानी गर्दा लगानी कोषमा रहेको रकम लगानी कार्यविधिमा तोकिए बमोजिम लगानी गर्नु पर्नेछ । | **संसोधन गर्न नहुने** | **कार्यविधि मार्फत लगानी सम्बन्धि व्यवस्थालाई मेनुपुलेट हुन सक्ने भएकोले मात्र** |
| ३० | ३४ (क) | **नयाँ थप** | | **कोषको आन्तरिक लेखा परीक्षणलाई नियमित र प्रभावकारी बनाउन संचालक समितिको कुनै एक सदस्यको संयोजकत्वमा लेखा समिति गठन हुनेछ र उक्त समितिले लेखा परीक्षण विभागको रेखदेख तथा नियन्त्रण गर्नेछ ।** | **आन्तरिक लेखा परीक्षण कार्यालय कार्यकारी प्रमुख मातहत राख्न उपयुक्त नहुने भएकोले** |
| ३१ | ४२ (३) | **उपदफा २ बमोजिम गठन भएको उपसमितिले ........ संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तिमा १५ वर्ष काम गरेको** | | **संगठित संस्थाको व्यवस्थापकिय तहमा कम्तिमा पाँच वर्ष काम गरेको** | **कार्यकारी प्रमुखको पदर्मा थप अनुभवि र क्षमतावान व्यक्ति प्रवेश गराउन** |

| | | | | | |
|---|---|---|---|---|---|
| **३२** | ४७(१) | ........ अनियमितता गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ । | ........ अनियमितता गरेमा वा नर्धारित समय भित्र सूचिकरण नगरेमा वा काममा रहेको श्रमिकको कोषमा योगदान रकम जम्मा नगरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ । | **सकारात्मक रहेको** | |
| **३३** | ४७ (१क) , (३क) र (३ख) | | (१क) कोषमा सूचीकृत भई योगदान सुरु गर्नु गराउनु पर्ने योगदानकर्ता र रोजगारदाताले ऐन र सो सँग सम्बन्धित नियमावलीको पालना नगरे नगराएमा कसूर गरेको ठहर्ने छ ।<br>(३क) श्रम ऐन, २०७४ तथा यस ऐन बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनु पर्ने रोजगारदाता कोषमा सूचीकरण नभएको वा श्रमिकलाई सूचीकरण नगराएको वा कोषमा योगदान नगरेको अवस्थामा कुनै श्रमिक दुर्घटनामा परी मृत्यु भएमा वा अंगभंग भएमा वा व्यवसायजन्य रोग लागी कुनै प्रकारको दायित्व सिर्जना भएमा कोषमा आबद्ध नभएकै कारणवाट कुनै पनि रोजगारदाताले त्यस्तो दायित्ववाट उन्मुक्ति पाउने छैन । रोजगारदाताले त्यस्तो दायित्व पूरा नगरेको सम्बन्धमा कसैले उजुरी | **सकारात्मक रहेको** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेमा कोषले यस ऐन तथा यस ऐन बमोजिम जारी भएको सामाजिक सुरक्षा योजना अनुरुप श्रमिक वा निजको आश्रित परिवारले पाउने सबै सुविधा हिसाब गरी सम्बन्धित श्रमिक वा निजको आश्रित परिवारलाई कोष मार्फत भुक्तानी गर्ने व्यवस्था गर्न आदेश दिन सक्नेछ ।<br>(३ख) उपदफा (३क) बमोजिम दिएको आदेश कुनै रोजगारदाताले पालना नगरेमा कोषले त्यस्तो रकम सम्बन्धित रोजगारदाता प्रतिष्ठान वा सञ्चालकवाट असुल उपर गरी सम्वन्धित पक्षलाई भराई उपदफा (२) बमोजिम सजाय गर्नुपर्नेछ । | **सकारात्मक रहेको** | |
| ३४ | ५७ | **सामाजिक सुरक्षा स्वेच्छिक हुने :** यस ऐन बमोजिम सामाजिक सुरक्षा अन्तर्गत प्राप्त हुने कुनै सुविधा कसैले लिन नचाहेमा वा प्राप्त सुविधा छोड्न चाहेमा स्वेच्छिकरुपमा त्यस्तो सुविधा नलिना वा छाड्न सक्नेछ । | हटाउने | **सामाजिक सुरक्षाबाट प्राप्त हुने सुविधा स्वैच्छिक हुने : सामाजिक सुरक्षा कोषमा सुचिकृत भई योगदान गरी रहेको कुनै योगदान कर्ता वा निजको आश्रित परिवारले यस ऐन, नियमावली वा समाजिक सुरक्षा योजना सञ्चालन कार्यविधी बमोजिमको कुनै सुविधा स्वच्छिक रुपमा नलिन सक्ने छ ।** | **दफालाई नहटाई शिर्षक परिमार्जन गर्न उपयुक्त हुने भएकोले** |
| ३५ | ५९क, | नयाँ थप | **दफा (५९क) नेपालवाट बैदेशिक रोजगारी जाने श्रमिकहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था:** नेपालवाट बैदेशिक रोजगारीमा जाने | सकारात्मक **रहेको तर नयाँ दफाको रुपमा अन्य स्थानमा राख्नुपर्ने** | **दफा ५९ क उपयुक्त स्थान नभएकोले** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्रमिकहरुलाई तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ । | | |
| **३६** | ५९ख | नयाँ थप | **दफा (५९ख) रकम हस्तान्तरण हुन सक्ने:**<br>(१) सामाजिक सुरक्षा कोषमा योगदान गरी रहेको श्रमिकले अन्य अवकाश कोषमा योगदान गर्नु पर्ने गरी सरकारी सेवा प्रवेश गरेमा सम्बन्धित श्रमिकले चाहेमा सामाजिक सुरक्षा कोषमा जम्मा गरेको बृद्ध अवस्था सुरक्षा योजना अन्तरगतको रकम कोषमा रहिरहन वा सम्बन्धित श्रमिकले भुक्तानि लिन सक्नेछ ।<br>(२) सामाजिक सुरक्षा कोषमा आबद्ध भै योगदान गर्न शुरु गरेको श्रमिकले यस पुर्व सञ्चयकोष वा नागरिक लगानी कोष वा अन्य अबकाश कोषमा जम्मा भएको रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न चाहेमा कोषले त्यस्तो रकम हस्तान्तरण गरी लिन सक्नेछ ।<br>(३) यस दफा बमोजिम रकम हस्तान्तरण गर्दा सम्बन्धित श्रमिकले कर्जा वा सापटी लिएको रहेछ भने सो कर्जा वा सापटी सम्वन्धि दायित्व समेत हस्तान्तरण हुनेछ । | **अन्त्यमा कोषले त्यस्तो रकम हस्तान्तरण गरि लिनुपर्नेछ गर्ने**<br>**सकारात्मक रहेको**<br>**सकारात्मक रहेको** | **अवकास कोष रकमको दिर्घकालिन सुरक्षाको लागि** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (४) रकम तथा कर्जा सम्बन्धी अन्य व्यबस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ | | |
| **३७** | ६४(२) | नयाँ थप | उपदफा १ मा उल्लेखित बिषयले श्रम ऐन बमोजिम सामुहिक सौदाबाजी गर्न बाधा परेको मानिने छैन | **संशोधन नगरी दफा ६४ नै हटाउनु पर्ने र श्रम ऐन, २०७४ को दफा ११६ (३) च को समेत हटाउनु पर्ने** | **यो दफाले सामुहिक सौदाबाजी सन्दर्भमा दुविधा बनाएकोले** |
| **३८** | ६७ | यस ऐन बमोजिमको सामाजिक सुरुक्षा कोषले कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिमको कोषले पाए सरहको छुट र सुविधा पाउनेछ । | **<u>दफा ६७</u>** (१) कोषको आयमा र लगानीवाट प्राप्त प्रतिफलमा कुनै कर लाग्ने छैन ।<br>(२) अन्य छुट तथा सुविधाहरु कर्मचारी सञ्चयकोष ऐन, २०१९ बमोजिम स्थापना भएको सञ्चयकोषले पाए सरह हुनेछ । | **कुनै कर लाग्ने छैन पछि र श्रमिकले कोषबाट प्राप्त गर्ने कुनैपनि भुक्तानिमा कर लाग्नेछैन भन्ने शब्दावली थप गर्ने**<br><br>**संञ्चयकोषले पाय सरह नराखी कुन–कुन सुविधा हो सो नै उल्लेख गर्ने** | **सामाजिक सुरक्षालाई कर मुक्त गर्न**<br><br>**संञ्चकोष ऐन भन्दा सामाजिक सुरक्षा ऐन छाता ऐन भएकोले** |
| **३९** | **६८** | | | **दफा ६८ लाई १ गरि देहायअनुार उपदफा २ थप्ने**<br>**२. खाईपाई आएको सुबिधा नियमित गर्न निर्देशन दिन सक्ने**<br><br>**२ (क) प्रचलित कानुन एंव सामुहिक सौदावाजि मार्फत कुनै श्रमिकले सामाजिक सुरक्षामा योगदान गरे भन्दा बढि रोजगारदाताको तर्फबाट कुनै सुबिधा प्राप्त गरेको रहेछ भने उक्त सुविधा नियमित गर्न यस ऐनले कुनै बाधा पुऱ्याउने छैन ।**<br>**२ (ख) उपदफा २ (क) अनुसार कुनै रोजगारदाताले श्रमिकले खाइपाई आएको कुनै** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **सुबिधा कटौति गरेको भनि श्रमिकले वा ट्रेड युनियनले कोषलाई उजुरी गरेमा कोषले उक्त सुविधा कटौति नगर्न आदेश दिन सक्नेछ ।<br>२ (ग) उपदफा २ (ख) अनुसार कोषले दिने आदेश सम्बन्धित प्रतिष्ठानको हकमा बाध्यकारी हुनेछ । आदेश उल्लंघन गर्ने प्रतिष्ठानलाई कोषले सामाजिक सुरक्षा कसुरबापत कारवाही गर्न सक्नेछ ।** | |

*नोट :*

*– आन्तरिक लेखा समिति : कुनै संचालकको संयोजकत्वमा लेखा समितिको गठनको व्यवस्था गरि आन्तरिक लेखा परिक्षा विभागलाई त्यस समितिमार्फत राखि क्रियाशिल बनाउनु पर्ने*

*–संचालक समितिको पदाधिकारीहरुपको स्थायीत्व र विज्ञतालाई सम्बोधन गर्नुपर्ने*

*–सामाजिक सुरक्षा कोषको नियमनको स्थायी व्यवस्था गर्नुपर्ने सो नहुदा सम्मको लागि नेपाल राष्ट्र बैंकबाट नियमन हुनुपर्ने ।*

*–मौसमी प्रतिष्ठानहरुको योगदान रकम जम्मा गर्ने व्यवस्थापन स्पष्ट गर्नुपर्ने भएकोले छलफल आवश्यक रहेकोले ।*